गुराँस राजपत्र

गुराँस गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १० संख्या ४ मिति २०८३।०४।०१

भाग १

गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

गुराँस गाउँपालिका, दैलखको आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८३

गुराँस गाउँपालिका विनियोजन ऐन, २०८३

गाउँसभाबाट स्वीकृत मितिः २०८३/०३/३१

प्रमाणीकरण मितिः२०८३/०४/०१

प्रस्तावना : गुराँस गाउँपालिका, दैलेखको आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "गुराँस गाउँपालिका विनियोजन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन संवत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८३/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०८३/८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित शीर्षकहरुका आय तथा चालू खर्च, पूँजीगत खर्च, सामाजिक सुरक्षा खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ७०,३२,३३,५१६।५५ (**अक्षेरुपी सत्तरी करोड बत्तीस लाख तेत्तिस हजार पाँच सय स्रोह पैसा पचपन्न मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त गुराँस गाउँपालिका , दैलेखको गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखा, विषयगत शाखा मार्फत विद्यालय एवं स्वास्थ्य संस्था र साझेदार संस्था तथा परियोजनाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

४. अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः (१) प्रचलित कानून बमोजिम अख्तियारी प्राप्त भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई विनियोजन ऐनमा भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा गाउँ कार्यपालिकाको कार्यालयले निकासा भुक्तानी पाउनुपर्ने निकासा भुक्तानी प्राप्तकर्तालाई विनियोजन भएको रकम निकासा तथा भुक्तानी दिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश (प्रविष्टि) भएको कार्यक्रमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

५. रकमान्तर तथा स्रोत व्यवस्थापन : (१) दफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न, निकासा र खर्च जनाउन तथा चालु, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सुरु विनियोजन नभएको खर्च संकेतमा तथा नयाँ योजना तथा कार्यक्रममा आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा र असार महिनामा रकमान्तर गर्न पाईने छैन ।

६. वित्तीय अनुशासन सम्बन्धी व्यवस्था : (१) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण बापतको रकम, राजश्व बाँडफाँडको रकम तथा आन्तरिक राजश्वको रकम गाउँपालिकाको सञ्चित कोषमा दाखिला गरी खर्च गर्नुपर्नेछ ।

(२) बजेट तथा खर्च लेखाङ्कन, आन्तरिक राजश्व संकलन, कार्य संचालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा र प्रतिवेदन गर्दा महालेखा नियन्त्रक कार्यालयबाट तोकिएका तथा संचालनमा आएका विद्युतीय प्रणालीहरु लागू गर्नुपर्नेछ ।

(३) स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको बाहेक थप आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा गाउँ कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ।

(४) नेपाल सरकार तथा प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक बर्षभित्र खर्च नभई बचत भएमा गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको अवधीभित्र संघीय सञ्चित कोष तथा प्रदेश सञ्चित कोषमा फिर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

७. योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः (१) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तरगतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा स्रोत फुकुवा भई निकासा भएपछि मात्र आयोजना तथा कार्यक्रम कार्यान्वयन तथा संचालन गर्नुपर्नेछ ।

(२) पूँजीगत खर्चको सार्वजनिक निर्माणतर्फ वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रमका लागि विनियोजित बजेट सामान्यतया २०८४ बैशाख मसान्तसम्म खर्च वा सम्झौता वा खरिद प्रक्रिया आरम्भ गरिसक्नुपर्नेछ ।

(३) वार्षिक स्वीकृत कार्यक्रमको कार्यान्वयन नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजश्व बाँडफाँट बापत प्राप्त हुने राजश्व साथै आन्तरिक राजश्व संकलन भएको अनुपातको आधारमा हुनेछ । लक्ष्य अनुरुप वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँड र आन्तरिक राजश्व संकलन तथा आम्दानी हुन नसकेमा गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत कार्यक्रम तथा योजनाको कार्यान्वयन प्रक्रिया रोक्का राख्ने वा प्राथमिकता निर्धारण गरी संचालन कार्यान्वयन गर्न सक्नेछ ।

(४) वार्षिक स्वीकृत बजेट भित्रका योजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न लेखा उत्तरदायी अधिकृतबाट अनिवार्य स्वीकृती लिनुपर्नेछ। स्वीकृती नलिई संचालन तथा कार्यान्वयन भएका योजना तथा कार्यक्रमको भुक्तानी गाउँ कार्यपालिकाको कार्यालयले रोक्का गर्न सक्नेछ।

(५) गाउँ कार्यपालिकाको कार्यालयबाट बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत संचालन तथा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुमा घटी कबोल भए बापत बचत हुन जाने रकमबाट थप आयोजना तथा कार्यक्रम संचालन तथा कार्यान्वयन गर्न सकिने छैन।

तर शिलबन्दि दरभाउपत्र वा बोलपत्रको माध्यमबाट खरिद भएको औषधि तथा औषधिजन्य सामग्रीहरुको आवश्यकता एकिन गरि बचत रकमबाट औषधि तथा औषधिजन्य सामग्रीहरु खरिद गर्न सकिनेछ।

(७) वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रम सम्झौता बमोजिम संचालन कार्यान्वयन सम्पन्न भए पश्चात् कार्यसम्पन्न भएको मितिले ३० दिन भित्र भुक्तानीको लागि सम्पूर्ण प्रक्रिया र रीत पूरा गरी आवश्यक पर्ने कागजात सहित गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। सम्पूर्ण प्रक्रिया पूरा भई आवश्यक कागजात सहित रीतपूर्वक कार्यालयमा पेश भएका भुक्तानीको बजेट र स्रोत सुनिश्चित गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

(८) उपभोक्ता समिति र लाभग्राही समूहबाट संचालन हुने आयोजना तथा कार्यक्रम संचालन एवं कार्यान्वयन गर्दा उपभोक्ता समिति तथा लाभग्राही समूहले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य प्रारम्भ गर्नु पर्नेछ नगरेको खण्डमा गाउँ कार्यपालिकाको कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ।

(९) उपभोक्ता समिति र लाभग्राही समूहबाट संचालन तथा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको सम्झौताको म्याद थप हुने छैन। तर विषम परिस्थिति परी आयोजना तथा कार्यक्रम सञ्चालन हुन नसकेको भन्ने कार्यपालिकालाई लागेमा मात्र काम गर्न बाकी अवधि मात्र कार्यपालिकाले थप गर्न सक्नेछ।

(१०) प्रचलित कानूनले तोकेको अधिकारी वा निजले तोकेको जिम्मेवार व्यक्ति वाहेक कुनै पनि पदाधिकारी, कर्मचारी, व्यक्ति तथा संस्थाले गाउँ कार्यपालिकाको कार्यालयलाई आर्थिक व्ययभार पर्ने दायित्व सिर्जना गर्न पाउने छैन। यसरी सिर्जना भएको दायित्व लेखा उत्तरदायी अधिकृतले मनासिव ठानेमा बाहेक भुक्तानी हुन सक्ने छैन।

(११) आर्थिक वर्ष २०८३/८४ को आर्थिक कारोवारको प्रचलित कानून बमोजिम खाताबन्दी गर्ने र हिसाब मिलान गर्ने व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयले मिलाउनु पर्नेछ। चालु आर्थिक वर्षमा स्वीकृत बजेट, आयोजना तथा कार्यक्रमको भुक्तानी प्राप्तकर्ताले नियमानुसारको भुक्तानी पाउनको लागि चालु प्रकृतिका कार्यक्रमहरुको हकमा २०८४ असार १० तथा पुँजीगत प्रकृतिका योजनाहरुको हकमा २०८४ असार १७ गते भित्रै भुक्तानी प्रक्रियाका सम्पूर्ण रीत पूरा गरी कागजात सहित गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

(१२) सामाजिक विकास क्षेत्रको शिक्षा उपक्षेत्र अन्तरगतका संघीय तथा प्रदेश सरकारकारबाट प्राप्त भएका आयोजना तथा कार्यक्रममा विनियोजित रकमबाट स्वीकृत संघीय तथा प्रदेश निर्देशिका बमोजिम विद्यालय तथा अन्य शैक्षिक संस्था र स्वास्थ्य संस्थाहरुलाई सोझै भुक्तानी निकासा दिन बाधा पर्ने छैन।

(१३) उपदफा (१२) बमोजिम निकासा गरिएको रकम नियमानुसार खर्च गर्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने तथा श्रेस्ता सुरक्षित राख्ने जिम्मेवारी भुक्तानी निकासा पाउने संस्थाको हुनेछ। भुक्तानी निकासा भएको रकमको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम हुनेगरी खर्च गर्ने जिम्मेवारी भुक्तानी निकासा प्राप्त गर्ने संस्थाको हुनेछ।

(१४) कुनै पनि विषयगत शाखा, वडा कार्यालय तथा संस्थाबाट आयोजना तथा कार्यक्रमको भुक्तानी सिफारिस गर्दा खर्चको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता पुष्टि हुने तथा मूल्य, गुणस्तर र परिमाण फरक नपर्ने सुनिश्चित गरी भुक्तानी मनासिब रहेको स्पष्ट खुलाई सिफारिस गर्ने जिम्मेवारी सम्बन्धित विषयगत शाखा, वडा कार्यालय तथा संस्थाको जिम्मेवार पदाधिकारीको हुनेछ।

८. निर्देशिका, कार्यविधि, मापदण्ड, मार्गदर्शन बनाउन सक्नेः (१) बजेट विनियोजनलाई प्रभावकारी बनाउन तथा यस ऐनको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड र कार्यालयले मार्गदर्शन बनाई लागु गर्नसक्नेछ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

आ. व. २०८३/८४ को आय व्यय विवरण

आय तर्फः

शीर्षक	प्रस्तावित आय
संघीय सरकार	३८,५६,००,०००.००
१३३११ समानीकरण अनुदान	९,६०,००,०००.००
१३३१२ शसर्त अनुदान चालु	२५,७३,००,०००.००
१३३१३ शसर्त अनुदान पुँजीगत	१,२०,००,०००.००
१३३१४ विषेश अनुदान चालु	९०,००,०००.००
१३३१६ समपुरक अनुदान चालु	१,१३,००,०००.००
प्रदेश सरकार	५,८८,९८,०००.००
१३३११ समानीकरण अनुदान	१,२४,७६,०००.००
१३३१२ शसर्त अनुदान चालु	२४,२२,०००.००
१३३१३ शसर्त अनुदान पुँजीगत	२,७५,००,०००.००
१३३१४ विषेश अनुदान चालु	६५,००,०००.००
१३३१७ समपुरक अनुदान पुँजीगत	१,००,००,०००.००
राजस्व बाडफाड	९,८३,८७,१७०.६०
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	६,७१,०७,०००.००
११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क	२,८७,६०,०००.००
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	२०,२०,१७०.६०

१४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	५,००,०००.००
अन्तरिक श्रोत	८,८१,९७,१०८.००
११३१३ सम्पती कर	३,००,०००.००
११३१४ भुमिकर/मालपोत	२८,००,०००.००
११३१७ वहाल कर	२,००,०००.००
११३१८ वहाल विटौरी कर	५०,०००.००
११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	२५,०००.००
११४७९ अन्य मनोरञ्जन कर	५०,०००.००
११६११ व्यवसायले भुक्तानी गर्ने	१,००,०००.००
११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	४५,०००.००
११६३२ अखेटोपहारमा लाग्ने कर	६०,०००.००
११६९१ अन्य कर	२,००,०००.००
१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	२५,००,०००.००
१४१९१ पर्यटन शुल्क	२,००,०००.००
१४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	१०,००,०००.००
१४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	५०,०००.००
१४२१७ नहर तथा कुलो उपयोग वापतको शुल्क	५०,०००.००
१४२१८ विद्युत सेवा शुल्क	१५,००,०००.००
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	५०,०००.००
१४२२१ न्यायिक दस्तूर	२०,०००.००

१४२२३ शिक्षा क्षेत्रको आम्दानी	२०,०००.००
१४२२४ परीक्षा शुल्क	५०,०००.००
१४२२५ यातायात क्षेत्रको आम्दानी	१०,०००.००
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	३,१०,०००.००
१४२४२ नक्सापास दस्तुर	१,००,०००.००
१४२४३ सिफारिश दस्तुर	१०,००,०००.००
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	३,००,०००.००
१४२४५ नाता प्रमाणित दस्तुर	१,००,०००.००
१४२४९ अन्य दस्तुर	१,००,०००.००
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१,००,०००.००
१४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	२५,०००.००
१४२६२ विद्युत सम्बन्धी दस्तुर	१०,००,०००.००
१४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर	२०,०००.००
१४२६५ अन्य क्षेत्रको आय	२०,००,०००.००
१४३११ न्यायिक दण्ड, जरिवाना र जफत	१०,०००.००
१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत	३,००,०००.००
१४५२१ प्रदुषण नियन्त्रण शुल्क	१०,०००.००
१४५२९ अन्य राजस्व	५,००,०००.००
१५१११ बेरूजू	२५,००,०००.००
१५११३ अनुदान फिर्ता	२५,००,०००.००

३२१२२ बैंक मौज्दात	६,८०,४२,१०८.००
जम्मा	६३,१०,८२,२७८.६०

व्यय तर्फः

शीर्षक	बार्षिक बजेट
चालु	४३,०६,१९,५७०.६०
२११११ पारिश्रमिक कर्मचारी	२७,६९,६०,४००.००
२१११२ पारिश्रमिक पदाधिकारी	६५,००,०००.००
२११२१ पोशाक	१२,४०,०००.००
२११२३ औषधीउपचार खर्च	२४,२३,०००.००
२११३१ स्थानीय भत्ता	३०,००,०००.००
२११३२ महंगी भत्ता	२५,००,०००.००
२११३४ कर्मचारीको बैठक भत्ता	८,८५,०००.००
२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	२२,००,०००.००
२११३९ अन्य भत्ता	३४,०५,१७०.६०
२११४१ पदाधिकारी बैठक भत्ता	६,००,०००.००
२१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च	१०,००,०००.००
२१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	१०,००,०००.००
२१२१४ कर्मचारी कल्याण कोष	१०,००,०००.००
२१२१९ अन्य सामाजिक सुरक्षा खर्च	२०,००,०००.००
२२१११ पानी तथा बिजुली	८,४५,०००.००

२२१११२ संचार महसुल	१२,००,०००.००
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	१७,६०,०००.००
२२२१३ सवारी साधन मर्मत खर्च	२४,२५,०००.००
२२२१४ बिमा तथा नवीकरण खर्च	९,३०,०००.००
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	७,००,०००.००
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	५५,४९,०००.००
२२३१२ पशुपंक्षीहरूको आहार	११,००,०००.००
२२३१३ पुस्तक तथा सामग्री खर्च	७,५०,०००.००
२२३१४ इन्धन - अन्य प्रयोजन	८,५०,०००.००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	१५,००,०००.००
२२३१९ अन्य कार्यालय संचालन खर्च	१६,००,०००.००
२२४११ सेवा र परामर्श खर्च	२५,००,०००.००
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	१५,००,०००.००
२२४१३ करार सेवा शुल्क	२६,१०,०००.००
२२५११ कर्मचारी तालिम खर्च	३,००,०००.००
२२५२१ उत्पादन सामग्री / सेवा खर्च	५,००,०००.००
२२५२२ कार्यक्रम खर्च	७,१७,५०,८२९.००
२२५२९ विविध कार्यक्रम खर्च	३३,८८,१७१.००
२२६११ अनुगमन, मूल्यांकन खर्च	४,५०,०००.००
२२६१२ भ्रमण खर्च	१७,८०,०००.००
२२६१९ अन्य भ्रमण खर्च	४,००,०००.००

२२७११ विविध खर्च	२९,६५,०००.००
२२७२१ सभा सञ्चालन खर्च	७,००,०००.००
२६३१२ स्थानीय तहलाइ सःशर्त चालु अनुदान	१०,००,०००.००
२६३३२ सशर्त अनुदान (चालु)	२४,२२,०००.००
२७११२ अन्य सामाजिक सुरक्षा	२,००,०००.००
२७२११ छात्रवृत्ति	१,०४,३१,०००.००
२७२१३ औषधीखरिद खर्च	२७,५०,०००.००
२८१४१ जग्गाको भाडा	४,५०,०००.००
२८१४२ घरभाडा	३,००,०००.००
२८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा	३,००,०००.००
पूंजीगत	२०,०४,६२,७०८.००
३११११ आवासीय भवन निर्माण/खरिद	१२,००,०००.००
३१११२ गैर आवासीय भवन निर्माण/खरिद	१,६३,००,०००.००
३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च	२३,८०,०००.००
३१११४ जग्गा विकास कार्य	१५,००,०००.००
३११२१ सवारी साधन	६८,००,०००.००
३११२२ मेशिनरी तथा औजार	७६,५०,०००.००
३११२३ फर्निचर तथा फिक्चर्स	३४,००,०००.००
३११३१ पशुधन तथा बागवानी विकास खर्च	१५,००,०००.००
३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च	६०,००,०००.००
३११५१ सडक तथा पूल निर्माण	५,२२,८९,७०८.००

३११५३ विद्युत संरचना निर्माण	१०,५०,०००.००
३११५४ तटबन्ध तथा बाँधनिर्माण	२७,००,०००.००
३११५५ सिंचाई संरचना निर्माण	१,३२,००,०००.००
३११५६ खानेपानी संरचना निर्माण	१,९०,३०,०००.००
३११५७ वन तथा वातावरण संरक्षण	५०,००,०००.००
३११५८ सरसफाई संरचना निर्माण	८०,०००.००
३११५९ अन्य सार्वजनिक निर्माण	४,४१,६२,०००.००
३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च	१,६०,२१,०००.००
३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण	२,००,०००.००
जम्मा	६३,१०,८२,२७८.६०

व्ययको क्षेत्रगत विनियोजन		रु. मा
क्र.सं.	**क्षेत्र/उप क्षेत्र**	**विनियोजन**
१	आर्थिक विकास	५,६७,५२,०००.००
१.१	कृषि	२,५७,३०,०००.००
१.२	उद्योग	१,४३,९७,०००.००
१.३	पर्यटन	४५,००,०००.००
१.४	जलश्रोत तथा सिंचाई	७९,०५,०००.००
१.५	पशुपन्छी विकास	४०,७०,०००.००
१.६	आपूर्ति	१,५०,०००.००
२	सामाजिक विकास	३३,७६,४६,५७१.००
२.१	शिक्षा	२५,३५,६२,४००.००
२.२	स्वास्थ्य	५,२९,७७,०००.००
२.३	खानेपानी तथा सरसफाई	१,८८,७५,०००.००
२.४	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	७५,८५,१७१.००
२.५	युवा तथा खेलकुद	१०,४७,०००.००
२.६	सामाजिक सुरक्षा तथा संरक्षण	३६,००,०००.००
३	पूर्वाधार विकास	११,२२,७०,७०८.००
३.१	यातयात पूर्वाधार	४,७२,८९,७०८.००
३.२	भवन, आवास तथा सहरी विकास	२,४४,४६,०००.००
३.३	उर्जा	३५,००,०००.००
३.४	सम्पदा पूर्वाधार	३,४४,३५,०००.००

व्ययको क्षेत्रगत विनियोजन		रु. मा
क्र.सं.	**क्षेत्र/उप क्षेत्र**	**विनियोजन**
३.५	बिज्ञान तथा प्रबिधि	५०,०००.००
३.६	पुननिर्माण	२५,५०,०००.००
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,६२,६२,८२९.००
४.१	नभएको	२,५०,०००.००
४.२	बन	१,५०,०००.००
४.३	वातावरण तथा जलवायु	१०,००,०००.००
४.४	विपद व्यवस्थापन	५,००,०००.००
४.५	मानब संशाधन विकास	६,००,०००.००
४.६	शान्ति तथा सुव्यवस्था	८,००,०००.००
४.७	कानुन तथा न्याय	१२,००,०००.००
४.८	तथ्यांक प्रणाली	११,००,०००.००
४.९	श्रम तथा रोजगारी	८,४१,०००.००
४.१०	योजना तर्जुमा र कार्यन्वयन	११,६५,०००.००
४.११	प्रशासकीय सुशासन	७६,५६,८२९.००
४.१२	वित्तीय सुशासन	१०,००,०००.००
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१०,८१,५०,१७०.६०
५.१	कार्यालय सञ्चालन तथा प्रशासनिक	१०,८१,५०,१७०.६०
		६३,१०,८२,२७८.६०